**बैठक संख्या ४७**

**कार्यपालिका वैठक मिति २०७६।०१।२३**

**निर्णय नं. १**

इन्धनको खपत तथा व्यवस्थापन सम्वन्धमा मिति २०७४।११।२८गते वसेको कार्यपालिका वैठक निर्णय नं. ६ अनुसार उपलव्ध गराउदै आएकोमा देहाय अनुसार कर्मचारीहरु लाई इन्धन उपलव्ध गराउने निर्णय गरियो ।

(क) कार्यालयको सवारी साधन (मोटरसाईकल) प्रयोग गर्ने कर्मचारीलाई मासिक १० (दश) लिटर पेट्रोल ।

(ख) कार्यालयको सवारी साधन नभएका कर्मचारीको हकमा मोटर साईकलको ब्लुबुक तथा सवारी चालक अनुमति पत्र (लाईसेन्स) भएका कर्मचारीहरुलाई मासिक ५ (पाँच) लिटर पेट्रोल ।

(ग) फिल्डमा खटाउनु पर्ने भएमा आवश्यकता अनुसार कार्यालय प्रमुखबाट तोकिए बमोजिम उपलब्ध गराईनेछ ।

**निर्णय नं. २**

सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा छलफल गर्दा अत्यन्तै अशक्त, अपाङ्ग तथा ज्येष्ठ नागरिक स्वयम् उपस्थित भई सामाजिक सुरक्षा भत्ता तोकिएको बैंकबाट बुझि लिन कठिनाई भएको गुनासोहरुलाई सम्बोधनका लागि त्यस्ता नागरिकका नातेदार वा हकदारलाई नाता प्रमाणित सहित वडा कार्यालयको सिफारीस लिई आएमा नातेदार वा हकदारलाई भत्ता रकम उपलब्ध गराउनका लागि सम्बन्धित बैंकलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

भवन निर्माण सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ को दफा ८ (च,छ र ञ) को सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

(क) दफा ८ (च) हाल इटहरी उपमहानगरपालिकामा समावेश भएका साविक गा.वि.स.हरु हुदै नक्सा पासको लागि फायल दर्ता भई प्रक्रिया अघि बढेका फायलहरुका हकमा मिति २०७६ जेठ मसान्त भित्र सार्वजनिक सूचना जारी गरी सूचना जारी भएको मितिले १ बर्ष भित्र निर्माण सम्पन्नको निवेदन दिई सो को प्रकृया अगाडी बढाई, त्यस्तो प्रकृया उपर जाचबुझ गर्दा तत्कालीन मापदण्ड र संहिता पालना भएको हकमा नक्सा पास दस्तुरको दश प्रतिशत ज़रिवाना लिई नक्सा पास गरिनेछ तर जाँचबुझ गर्दा तत्कालीन मापदण्ड र संहिता पालना नभएको हकमा साविककै नक्सा पास दस्तुरमा नै नक्सा अभिलेखिकरण प्रमाण पत्र दिईनेछ ।

(ख) दफा ८ (छ) साविक गा.वि.स.हरु स्तर उन्नती भई र इटहरी उपमहानगरपालिकामा समायोजन भए पश्चात मिति २०७३ अषाढ मसान्त सम्म नक्सा पासको लागिं फायल पेश भई दर्ता भई इजाजत नलिएका फायलहरुका हकमा मिति २०७६ जेठ मसान्त भित्र सार्वजनिक सूचना जारी गरी सूचना जारी भएको मितिले १ बर्ष भित्र निर्माण सम्पन्नको निवेदन दिई सो को प्रकृया अगाडी बढाई, त्यस्तो प्रकृया उपर जाचबुझ गर्दा तत्कालीन मापदण्ड र संहिता पालना भएको हकमा नक्सा पास दस्तुरको दश प्रतिशत जरिवाना लिई नक्सा पास गरिनेछ तर जाचबुझ गर्दा तत्कालीन मापदण्ड र संहिता पालना नभएको हकमा साविककै नक्सा पास दस्तुरमा नै नक्सा अभिलेखिकरण प्रमाण पत्र दिईनेछ ।

(ग) ८ (ञ) साविक इटहरी नगरपालिका इटहरी उपमहानगरपालिकामा समायोजन भए पश्चात मिति २०७३ अषाढ मसान्त सम्म नक्सा पासको लागि फायल पेश भई दर्ता भई इजाजत नलिएका फायलहरुका हकमा मिति २०७६ जेठ मसान्त भित्र सार्वजनिक सूचना जारी गरी सूचना जारी भएको मितिले १ बर्ष भित्र निर्माण सम्पन्नको निवेदन दिई सो को प्रकृया अगाडी बढाई, त्यस्तो प्रकृया उपर जाचबुझ गर्दा तत्कालीन मापदण्ड र संहिता पालना भएको हकमा नक्सा पास दस्तुरको पचास प्रतिशत जरिवाना लिई नक्सा पास गरिनेछ तर जाँचबुझ गर्दा तत्कालीन मापदण्ड र संहिता पालना नभएको हकमाा साविककै नक्सा पास दस्तुरमा नै नक्सा अभिलेखिकरण प्रमाणपत्र दिईनेछ ।



केशव प्रसाद तिमल्सिना
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ४**

भवन निर्माण निरिक्षण एवं प्राविधिक समितिको मिति २०७५।१२।२८ को निर्णय नं. १ बमोजिम दुर्गा कुमारी राई र गंगा कुमारी राईको नाममा दर्ता रहेको नक्सा पासको फाइललाई प्राविधिक एवं निरिक्षण समितिमा छलफल गरी शैक्षिक प्रयोजनका लागि भएकाले मापदण्ड र डिजाईन अनुसार निर्माण कार्य गर्ने गरी समितिबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

इटहरी उपमहानगरपालिकाको योजना संचालन कार्यविधि, २०७५ को देहाय बमोजिमका प्रावधानहरुलाई देहाय बमोजिम संशोधन गरी योजना संचालन कार्यविधि, २०७५ प्रथम पटक संशोधन गर्ने निर्णय गरियो ।

| साविकको व्यवस्था | संशोधनको व्यहोरा | कारण |
|---|---|---|
| परिच्छेद ५ दफा २१ को उपदफा ११ बमोजिम"…….कालोपत्रे सडक योजनाहरुको हकमा चैत्र मसान्त पछि कुनै सम्झौता हुने छैन" । | कालोपत्रे गर्ने सडक जेठ १५ सम्म सम्झौता गर्न सकिने छ । | योजना संचालन गर्न सहज बनाई कार्य सरलीकरण गर्न । |
| परिच्छेद ५ दफा २१ को उपदफा १० बमोजिम "बैशाख मसान्त पछि विपद व्यवस्थापन सम्बन्धी कार्यक्रम वा आयोजनाहरु बाहेक अन्य कार्यक्रम वा आयोजनाको सम्झौता गरिने छैन" । | विपद व्यवस्थापन सम्बन्धी कार्यक्रम वा आयोजनाहरु बाहेक अन्य कार्यक्रम वा आयोजनाको सम्झौता जेष्ठ १५ पछि गरिने छैन । | योजना संचालन गर्न सहज बनाई कार्य सरलीकरण गर्न । |
| परिच्छेद ५ दफा १४ को उपदफा ६ बमोजिम विपन्न लक्षित बर्ग तथा पिछडिएको समुदाय बसोबास गर्ने बस्तीमा संचालन हुने योजनाको हकमा उपभोक्ताको लागत सहभागिता नजुट्ने भएमा त्यस्तो योजनाको हकमा न्युनतम विस प्रतिशत रकम बराबरको जनश्रमदान उठाई काम गर्न सकिनेछ । | दलित, मधेसी, आदिबासी जनजाती, मुस्लिम, पिछडा बर्ग तथा लक्षित समुदाय बसोबास बाहुल्य भएको बस्तीमा संचालन हुने योजनाको उपभोक्ताको लागत सहभागिता नजुट्ने भएमा त्यस्तो योजनाको हकमा न्युनतम विस प्रतिशत रकम बराबरको जनश्रमदान उठाई वडा समितिको निर्णयको सिफारिसका आधारमा काम गर्नु पर्ने छ । | योजना संचालनमा जनसहभागिता सम्बन्धी निर्णय प्रक्रियालाई सरलीकरण गर्न । |
| परिच्छेद ५ दफा १४ को उपदफा ७ बमोजिम सडक कालोपत्रे गर्ने, कालोपत्रे मर्मत गर्ने, आर सि.सि. ढलान मर्मत गर्ने, टायल बिच्छाउने, ग्रावेल गर्ने, ढल तथा नालीं निर्माण गर्ने जस्ता कार्यमा मठ मन्दिर, गुम्बा सार्वजनिक ऐलानी एवं पर्ति जग्गा, नदिनाला र विद्यालय जस्ता क्षेत्रबाट लागत सहभागिता नजुट्ने अवस्था भएमा प्राविधिक प्रतिबेदन तथा वडा कार्यालयको सिफारीसका आधारमा त्यस्तो क्षेत्रबाट व्यहोर्नु पर्ने लागत सहभागिता छुट गर्न सकिनेछ । | सडक कालोपत्रे गर्ने, कालोपत्रे मर्मत गर्ने, आर.सि.सि. ढलान मर्मत गर्ने, टायल बिच्छ्याउने, ग्रावेल गर्ने, ढल तथा नाली निर्माण गर्ने जस्ता कार्यमा मठ, मन्दिर, गुम्बा, सार्वजनिक ऐलानी एवं पर्ति जग्गा, नदिनाला र विद्यालय क्षेत्र पर्ने र मर्मत संभार, भवन, पुल, कल्भर्ट, नदी नियन्त्रण जस्ता योजनाको क्षेत्रबाट लागत सहभागिता नजुट्ने अवस्था भएमा वडा समिति कार्यालयको सिफारीसका आधारमा सुन्य सहभागीतामा काम गर्नु पर्ने छ । | योजना संचालनमाा जनसहभागिता सम्बन्धी निर्णय प्रक्रियालाई सरलीकरण गर्न । |



प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६

कृषि तथा पशु सम्बन्धी कार्यक्रम संचालन कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

चालु आ.ब. २०७५/७६ मा स्वीकृत बजेट तथा योजना कार्यक्रम बमोजिम नगर सभाबाट स्वीकृत वडा तथा नगरस्तरीय योजना कार्यक्रमहरुलाई देहाय बमोजिम संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजना | स्वीकृत भएको योजनाको नाम | साविक स्वीकृत रकम | वडा नं. | संसोधन हुनेपर्ने योजनाहरू | संसोधित रकम |
|---|---|---|---|---|---|---|
| १ | | पूजिगत खर्च तर्फको क्र.सं. १२ वडाका सम्पूर्ण बाटाहरूमा ग्रावेल | | ३ | गैरी टोलको बाटोमा ग्रावेल निर्माण । | |
| २ | | वडा स्तरीय लक्षित बर्ग तर्फको क्र.सं.३ वातावरण तथा विपद् व्यवस्थापन र वडा स्तरीय लक्षित योजना तर्फको क्र.सं.२ को बालमैत्री अतिरिक्त क्रियाकलाप दुवै बजेट शिर्षकलाई एउटै शिर्षकमा समायोजन गरी । | | ३ | दुवै बजेट शिर्षकलाई एंउटै शिर्षकमा समायोजन गरी (क) प्रगति बाल विकास केन्द्रको भवन मर्मत तथा बालबालिकाहरूको बृद्धि विकास तथा क्षमता अभिबृद्धिका लागि टि.भि.तथा पेन ड्राइभ खरिद गरी बाल विकास केन्द्रहरूलाई वितरण । | |
| ३ | | वडा स्तरीय लक्षित योजना तर्फको क्र.सं. १ ज्येष्ठ नागरिक तथा दलित लक्षित कार्यक्रम । | | ३ | दलित तथा विपन्न परिवारका मेहेनति, जेहेन्दार तथा उत्कृष्ठ छात्रा/छात्रहरूका लागि प्रोत्साहित कार्यक्रम (साईकल वितरण) | |
| ४ | | हुलाकी मार्ग खेतीखोला सुकुमारी खोला जोड्ने फलामे पुल निर्माण | १०,००,०००। | ८ | परिवर्तन टोलबाट बज्राह जाने बाटोको खोलामा तटबन्ध गर्ने । | १०,००,०००। |
| ५ | | विभिन्न बाटोहरू मर्मत | ११,५०,०००। मध्ये | १७ | विभिन्न बाटोहरू मर्मत | ८,५०,०००। |
| | | | | १७ | वडा भित्रका बाटो मर्मत | १,००,०००। |
| | | | | १७ | बाटो मर्मत | २,००,०००। |
| ६ | वडास्तरीय | राधा कृष्ण मन्दिर देखि पश्चिम दिनानाथको घर सम्म ड्रेन | २,५०,०००। | १७ | कान्छी चोक स्थित हलेसी मार्ग ड्रेन | २,५०,०००। |
| ७ | वडास्तरीय | सितारामको घर देखि पश्चिम कल्भेर्टं सम्म प्रोटेक्सन वाल सहित माटो र ग्रावेल | ३,००,०००। | १५ | सितारामको घर देखि पश्चिम कल्भेर्ट सम्म माटो र ग्रावेल | ३,००,०००। |
| ८ | वडास्तरीय | जनसहयोग प्रा.वि. देखि भोरापट्टा टोल सम्म प्रोटेक्सन वाल सहित सडक बाटो ग्रावेल उच्च स्तरीय। | ७,००,०००। | १५ | जनसहयोग प्रा.वि. देखि भोरापट्टा टोल सम्म सडक, बाटो, ग्रावेल उच्च स्तरीय र माटोको काम । | ७,००,०००। |
| ९ | नगरस्तरीय | पडरिया बीच टोल पाकैर चोक देखि सरस्वती स्कुल जाने बाटो प्रोटेक्सन वाल ग्रावेल । | २०,००,०००। | १५ | पडरिया साविक एकम्बा ६ को सिमाना देखि चांदबेला सिमाना सम्म र पाकैर चोक देखि पश्चिम मन्दिर सम्म माटो र ग्रावेल । | २०,००,०००। |
| १० | | सोमबारे टोलको मुलबाटो बाट सियालालको घर तर्फ जाने बाटो नाला निर्माण । | २,००,०००। | १३ | सोमबारे टोलका विभिन्न बाटोहरूमा ग्रावेल | २,००,०००। |
| ११ | | शान्तिसृजना मार्ग इन्टरलकिङ्ग ब्लक | १,५०,०००। | ४ | अधुरो डिन मार्ग इन्टरलकिङ्ग ब्लक | १,५०,०००। |
| १२ | | सार्वजनिक सुनुवाई कार्यक्रम | ५०,०००। | ४ | निर्माणाधिन ज्येष्ठ नागरिक भवनको छत ढलाई । | ५०,०००। |
| १३ | | सामाजिक विकास कार्यक्रम अन्तर्गत बिनियोजित | २,५०,०००। | ४ | दलित, महिला, जनजाती, महिला नेतृत्व विकास तालिम । | ५०,०००। |
| | | | | ४ | वडा नं. ४ का ज्येष्ठ नागरिकहरूलाई तीन दिने धार्मिक तीर्थयात्रा | २,००,०००। |

केशव प्रसाद [illegible]
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | | मोतीदेवी मार्ग कालोपत्रे | ३०,००,०००। | ४ | जागृती मार्ग इन्टरलकिङ्ग ब्लक | ११,००,०००। |
| | | | | ४ | बागेश्वरी शिवशक्ति मार्ग इन्टरलकिङ्ग ब्लक | १०,००,०००। |
| | | | | ४ | टेग्रा मार्ग इन्टरलकिङ्ग ब्लक | ९,००,०००। |
| १५ | नगरस्तरीय | आन्तरिक राजश्व कार्यालयबाट पूर्व जाने बाटोमा स्ल्याव कल्भर्ट निर्माण | ५,००,०००। | १० | मुसहरी देखी पूर्व पिपुल्स कलेज जाने बाटोमा स्ल्याव कल्भर्ट निर्माण । | ५,००,०००। |
| १६ | ४१ औं बैठक | ड्रेन निर्माण (भैपरी आउने पूंजिगत शिर्षक) | ५,००,०००। | १७ | सुकुमारी टोल ड्रेन निर्माण | ३,००,०००। |
| | | | | १७ | जनमार्गको कालोपत्रे बाटोको पूर्व पट्टि शाखा बाटो कालोपत्रे | २,००,०००। |
| १७ | | महिला लक्षित कार्यक्रम अन्तर्गतको कपडाको व्याग सिलाई तालिम तथा मेसिन खरिद | २,००,०००। | ५ | महिला हिंसा विरूद्ध १ दिने अभिमुखिकरण कार्यक्रम | १८,०००। |
| | | | | ५ | महिला उद्घोष तालिम | ५०,०००। |
| | | | | ५ | अचार तथा भुजिया बनाउने तालिम | १,३२,०००। |
| १८ | | रक्तमाला प्रा.वि.लाई कम्प्युटर खरिद | १,००,०००। | ५ | रक्तमाला प्रा.वि.वायरिङ्ग तथा कम्प्युटर खरिद | १,००,०००। |
| १९ | | द्रोण तिम्सिनाको घर उत्तर बाटो ड्रेन तथा ग्रावेल .बिनियोजन बजेट | २,००,०००। | ५ | प्रोटेक्सन वाल निर्माण | २,००,०००। |
| २० | | जनता बस्तीको नमुना पुस्तकालय सटर झ्याल, ढोका निर्माण रकम | १,००,०००। | ५ | जनता बस्तीको पाथिभरा मन्दिर निर्माण | २,००,०००। |
| | | पन्चकन्या मार्ग अमर कार्कीको घर जाने बाटो ड्रेन निर्माण | १,००,०००। | | | |
| २१ | नगरस्तरीय | मदन मार्ग देखि धनपतिको घर छेउ कल्भर्ट सम्म कालोपत्रे रकम | ५,००,०००। | ५ | ज्योती मा.वि.को प्राङ्गणमा ब्लक बिछ्याउने फुलबारी बनाउने तथा स्टिल रेलिङ्ग निर्माण | ५,००,०००। |
| २२ | | काव्यबाटिका पश्चिम डिक बहादुरको घर उत्तर पट्टिका २ वटा बाटो ड्रेन | ३,००,०००। | ५ | डिक बहादुरको घर पछाडीको बाटोमा प्रोटेक्सनवाल | १,५०,०००। |
| | | | | ५ | काव्यबाटिका पश्चिम माछापुच्छे मार्गमा ग्रावेल | १,५०,०००। |
| २३ | | विमल कोइरालाको घर पश्चिम उत्तर दक्षिण र पश्चिम बाटो कालोपत्रे | ६,००,०००। | ५ | विमल कोइरालाको घर पश्चिम उत्तर दक्षिण र पश्चिम बाटोमा ब्लक बिच्छाउने | ६,००,०००। |
| २४ | | निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत पिपल चोक देखि राम मन्दिर जाने बाटो कालोपत्रे | १४,००,०००। | ५ | पिपल चोक देखि राम मन्दिर जाने बाटोमा ड्रेन तथा कालोपत्रे निर्माण | १४,००,०००। |
| २५ | | पाथिभरा टोलको पाथिभरा मन्दिर कम्पाउण्डवाल निर्माण | २,००,०००। | ५ | लेडिजेसिज जाने बाटो महेन्द्रराजमार्ग दक्षिण युटर्न पश्चिम भएको उत्तर पुन: राजमार्ग सम्म ब्लक बिछ्याउने योजनामा | २,००,०००। |
| २६ | | प्रसाद चौधरीको उत्तर पश्चिम ड्रेन निर्माण | २,००,०००। | ५ | हिलोमुक्त अभियान अन्तर्गत ५ नं. वडाका बाटाहरू ग्रावेल स्तर उन्तीका लागि थप रकम | २,००,०००। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७ | | हिलोमुक्त अभियान अन्तर्गतको गायत्री लम्सालको घर अगाडी ड्रेन निर्माण | १,००,०००। | ५ | हिलोमुक्त अभियान अन्तर्गत ५ नं. वडाका बाटाहरू ग्रावेल स्तर उन्तीका लागि थप रकम | १,००,०००। |
| २८ | | घरेलु मार्ग देखि इश्वर विक्रम शाहको घर सम्मको बाटो ड्रेन निर्माण | २,००,०००। | ५ | घरेलु मार्ग देखि इश्वर विक्रम शाहको घर सम्मको बाटो प्रोटेक्सन वाल | २,००,०००। |
| २९ | | इश्वर विक्रम शाहको घर देखि मालती काफ्लेको घर हुदै घरेलु कार्यालयमा सम्म ड्रेन निर्माण | २,००,०००। | ५ | इश्वर विक्रम शाहको घर देखि मालती काफ्लेको घर हुदै घरेलु कार्यालयमा सम्म प्रोटेक्सन वाल | २,००,०००। |
| ३० | नगरस्तरीय | बराहटोल कालोपत्रे | १०,००,०००। | ५ | बराह टोल इन्टरलक ब्लक बिछ्याउनका लागि | १०,००,०००। |
| ३१ | वडास्तरीय | सप्तकोशी मार्ग देखि टेग्राखोला सम्म ड्रेन | २,२५,०००। | १२ | सप्तकोशी मार्ग देखि टेग्राखोला सम्म ड्रेन | १,७५,०००। |
| | | | | १२ | सर्वेश्वर शिव मन्दिर छेउमा प्रोटेक्सनवाल | ५०,०००। |
| ३२ | लक्षित वर्ग | लोकसेवा तयारी कक्षा | ५०,०००। | १९ | सिप विकास तालिम | ५०,०००। |
| ३३ | | बुढीखोलामा घाट निर्माण गर्न नदि नियन्त्रण तथा तटबन्ध शिर्षकबाट | ५,००,०००। | ११ | मुक्तीघाटको डि.पि.आर. तयार गर्ने | ५,००,०००। |
| ३४ | वडास्तरीय | ज्येष्ठ नागरिक, अल्पसंख्यक, दलित, जनजाती, बालबालिका शिर्षकबाट | १,५०,०००। | १४ | सरदार सामुदायिक भवन निर्माण र शिव मन्दिर रंग रोगन थप | १,५०,०००। |
| ३५ | वडास्तरीय | प्रोटेक्सन वाल र ग्रावेल आदर्श टोल मोती मार्ग | १०,००,०००। | १४ | शहरी स्वास्थ्य केन्द्र कम्पाउण्डवाल निर्माण | १०,००,०००। |

**निर्णय नं. ८**

नेपाल रेडक्रस सोसाईटीद्धारा संचालित रेप्सिन झोला सम्मेलनमा माग भए बमोजिमको झोला वितरणका लागि रु.५०,०००।- (पचास हजार) बालबालिका शिर्षक अन्तर्गत संस्थागत सहयोग कार्यक्रमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

वडा नं. ९ बाट समावेशी शिर्षकको रु.५,००,०००।- (पाँच लाख) बाट तपसिलका लक्षित कार्यक्रमहरु गर्ने निर्णय गरियो ।

(क) महिलाहरुको लागि सिपमुलक तालिम रु.७०,०००।- (सत्तरी हजार)
(ख) बालमैत्री कार्यक्रम संचालन रु.७५,०००।- (पचहत्तर हजार)
(ग) दलितहरुका लागि चेतनामुलक तथा सिप मुलक कार्यक्रम रु. १,००,०००।- (एक लाख)
(घ) जनता मा.वि. बालविकास केन्द्रलाई टि.भी.खरिद रु.२५,०००।- (पच्चिस हजार)
(ङ) पशुपति बालविकास केन्द्र (मरिक बस्ती)लाई शैक्षिक सामाग्री खरिद गर्न रु.२५,०००।-(पच्चिस हजार)
(च) सडक बत्ती मर्मत सम्भारका लागि रु. १,००,०००।- (एक लाख)
(छ) ज्येष्ठ नागरिकको तीर्थ यात्रा र सम्मान कार्यक्रम रु.७५,०००।- (पचहत्तर हजार)
(ज) महिलाहरुको लागि उद्घोषण तालिम रु.३०,०००।- (तीस हजार)

**निर्णय नं. १०**

जिल्ला समन्वय समिति, सुनसरीको राजश्व बाँडफाँड रकमबाट प्राप्त हुने रकम इटहरी अस्पताल मर्मत सम्भारको योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**



केशव प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका वडा नं. ९ स्थित कालोपत्रे मर्मत कार्यको ठेक्का नं. १३/०७४/७५ को सम्झौता बमोजिम निर्माण कार्य संचालन भईरहेको छ। उक्त कार्य गर्दा केही कार्यहरु ल.ई. भन्दा फरक पर्न गएको छ। उक्त कार्य गर्दा बाटोका चौडाईको भागमा पुरा बाटो बराबर कालोपत्रे निर्माण गर्नु पर्ने आवश्यकता भएको छ। उक्त बाटोमा सरकारी अस्पताल रहेको र चौडाईको भागलाई कालोपत्रे गर्नु पर्ने भनी वडा कार्यालयबाट सिफारीस भई आएकोले पुरा चौडाईको भागलाई कालोपत्रे गर्नु पर्दा थप बजेटको काम हुने देखिएको छ। फरक पर्न गएका केही कार्यहरुमा सब ग्रेडको कार्य, बेसको कार्य, प्राईमकोर्ट, ट्याककोट र प्रिमिक्स गर्ने कार्यहरुको भेरिएशन जम्मा रु.२,५७,३४४।७३ (१३.१९%) हुन आएको र अपुग रकमको खर्च कार्यपालिका बैठक संख्या ४१ को निर्णय नं १० बमोजिम सोही कार्यका लागि भनी बिनियोजन भएको रकम रु. ३,००,०००।- (तीन लाख) बाट खर्च गर्ने गरी उक्त भेरियसन मिति २०७६।०१।१७ गते (नगरप्रमुख स्तरीय) निर्णयबाट भेरिएशन गर्ने निर्णय भएको हुँदा उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

यस इटहरी उपमहानगरपालिका क्षेत्र भित्र आ.ब. २०७५।०७६ मा आन्तरिक आय ठेक्का बन्दोबस्तीका लागि पेश हुन आएका सिलबन्दी बोलपत्र मध्ये यस उपमहानगरपालिकाद्धारा गठित मुल्यांकन समितिको निर्णय र मिति २०७५।०४।०१ को सदर टिप्पणी अनुसार आईतबारे बुधबारे हाट इटहरी ९ को ठेक्का एन एन सप्लायर्स (नमुना तामाङ्ग) ले रु.४०,८१,१११।- (चालिस लाख एकासी हजार एक सय एघार) मा पाएकोमा नियमानुसार रकम जम्मा गरी बैंक ग्यारेण्टी पेश गर्न पत्राचार गर्दा पटक पटक म्याद थपको माग गरी बुझाउनु पर्ने रकम नबुझाएको र पटक पटक ताकेता गर्दा पनि बैंक ग्यारेण्टी र नगद जम्मा नगरेकोले कबोलेको रकम मध्ये रु.१८,०३,५५५।- (अठार लाख तीन हजार पाँच सय पचपन्न) बुझाएको, ठेक्का कबोल गर्दा ५% जम्मा भएको रु.२,३७,०००।- (दुई लाख सैतिस हजार) धरौटी जफत गर्दा जम्मा रु.२०,४०,५५५।- (बीस लाख चालिस हजार पाँच सय पचपन्न) हुने र हाट बजार ठेक्काको उठाउदै आएको कर संकलन कार्य बन्द गर्दा ठेकेदारले मिति २०७६।०१।२३ गते सम्म यस कार्यालयलाई बुझाउनु पर्ने जम्मा रु.३३,१५,९०१।८६ (तेत्तिस लाख पन्ध्र हजार नौ सय एक रुपैया पैसा छयासि) मा यस कार्यालयमा जम्मा भएको धरौटी समेतको रकम घटाउँदा रु.१२,७५,३४६।८६ (बाह्र लाख पचहत्तर हजार तीन सय छयालिस रुपैया पैसा छयासी) र १५% व्याज रु.१,९१,३०२।०३ (एक लाख एकानब्बे हजार तीन सय दुई रुपैया पैसा तीन) गरी थप हुन आउने जम्मा रु. १४,६६,६४८।८९ (चौध लाख छैसठ्ठी हजार छ सय अड्चालिस रुपैया पैसा उनानब्बे) असुल उपर गर्ने र सो सप्लायर्सले हाट बजार ठेक्काको उठाउदै आएको कर संकलन कार्य बन्द गर्ने र यसरी रकम दाखिला गर्न पुनः अटेर गरेमा निज र निजको हकभोगको चल अचल सम्पत्ति रोक्का गरी सरकारी बाँकी सरह असुल उपर गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो। सो अनुरुप अर्को ठेक्का बन्दोबस्त नभए सम्म सो हाटबजारमा कार्यालयबाटै कर संकलन गर्ने निर्णय गरियो। साथै सो हटिया सँगै रहेको उपमहानगरपालिका स्वामित्वका सम्पूर्ण सटरहरु मर्मत गरी ठेक्का बन्दोबस्त मार्फत संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

यस इटहरी उपमहानगरपालिकाले आ.ब. २०७५।०७६ को लागि खोलिएको विज्ञापन कर होडिङ्गबोर्ड ठेक्का तिन बर्षको लागि मिति २०७५ साल साउन १५ गते यस उपमहानगरपालिकाको मुल्यांकन समितिको निर्णय अनुसार स्मार्ट सिटी सोलुसन प्रा.लि. बानेश्वर, काठमाण्डौं १० को नाममा परेकोले सम्झौता गर्न आवश्यक रकम र बैंक ग्यारेण्टी पेश गर्न पटक पटक ताकेता गर्दा पनि एक बर्षको ठेक्का कबोल रकम बैंक दाखिला गरेर बैंक ग्यारेण्टीको लागि पटक पटक म्याद थपको निवेदन दिदै पेश नगरी हेलचेक्र्याई गरी नबुझाई अटेर गरी रहेको अवस्थामा



केशव प्रसाद तिमल्सिना
प्रमुख प्रशासकीय अधिकृत

ठेकेदारको तर्फबाट बुझाउनु पर्ने रकम बराबरको बैंक ग्यारेण्टी बुझाउने समयावधि कटि सक्दा पनि यस उपमहानगरपालिकामा प्राप्त नभएकोले अन्तिम पटकका लागि २०७६ जेष्ठ १५ गते भित्रमा बैंक ग्यारेण्टी पेश गर्न अन्तिम पटकका लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

इटहरी उपमहानगरपालिका कार्यालयको साँस्कृतिक भवन मर्मत कार्यको ठेक्का नं. ०१/०७५/७६ को सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भई रहेको उक्त कार्य गर्दा केही कार्यहरु ल.ई.भन्दा फरक पर्न गएको, फरक पर्न गएका केही कार्यहरुमा रंग लगाउने कार्य जसलाई भवनको भित्री भागमा पनि लगाउनु पर्ने भएको, आल्मुनियम पार्टिसन जसलाई ल.ई.भन्दा बढी आवश्यक परेको र आल्मुनियम ढोका, झ्याल, पार्टिसनको स्टीमेटमा भएको साईज भन्दा बजारमा उपलब्ध हुने साईज फरक पर्न गएको साथै स्टीमेटमा भए अनुसार ढोकाको सिसा ९ एम एमको भएको जुन बजारमा उपलब्ध हुन नसकेको कारण फ्याक्ट्रीबाट अर्डर गरी काम गर्दा ढिलाई हुने भएकाले बजारमा उपलब्ध हुने सामान प्रयोग गर्दा कुनै पनि सरकारी हानी नोक्सानी हुने नभएकाले र गुणस्तरमा फरक पर्ने नभएकाले उक्त सामानहरुको उद्योग वाणिज्य संघले निर्धारण गरेको दररेट बमोजिम उक्त आल्मुनियम आईटमका सामाग्रीहरुको मुल्य समायोजन गरी ठेक्काको दररेट निर्धारण गरी दोस्रो पटक भेरियसन हुन आएको जम्मा रकम रु. ७,०६,३२१।९३ (८.६५%) स्वीकृत गर्ने गरी मिति २०७६।०१।०९ गते नगर प्रमुख स्तरिय निर्णय भई अनुमोदनका लागि पेश भएकोमा सो निर्णयलाई अनुमोदन गर्ने मिति २०७५।१२।०६ मा नगर प्रमुख स्तरिय निर्णयबाट मिति २०७६।०३।१० गते सम्म म्याद थप गर्ने भनी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस उपमहानगरपालिका वडा नं. ११,१२,१३,१४ र १६ को भु-भागमा पर्ने सुनसरी मोरङ्ग सिचाई योजना अन्तर्गत एकम्बा खनारको क्षेत्र तथा छिमेकी नगरपालिका तथा गाउँपालिकाका जनताहरुले समेत प्रयोग गर्ने मुख्य बाटो र विद्यालयको बाल बालिका बोक्ने गाडी तथा उद्योगका सयौं मजदुर आवत जावत गर्ने प्रमुख बाटो रहेको सो बाटो भै आवत जावतमा कठिनाई भएकोले उक्त बाटो मर्मत गर्नका लागि सम्बन्धित वडाबाट माग समेत भई आएको अवस्थामा मिति २०७५।१२।१४ गतेको (नगरप्रमुख स्तरीय) निर्णयबाट आ.ब. २०७५।०७६ को लागि स्वीकृत नीति, बजेट तथा कार्यक्रम (पुरक बजेट) को पूँजिगत भैपरी शिर्षकमा बिनियोजित रकम रु. १,००,००,०००। (एक करोड) मध्येबाट रु.३०,००,०००।- (तीस लाख) बिनियोजन गर्ने भनी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाद्धारा इटहरी ९ स्थित जुट अनुसन्धान तथा रेशम खेती विकास कार्यक्रमको पूर्वी किनारमा अवस्थित जनता पार्क निर्माण स्थलमा रहेको डि.भी.एम.ग्लोबल एकेडेमीसँग वार्ता गर्न मिति २०७५।०८।२३ गते गठित समितिले डि.भि.एम. ग्लोबल एकेडेमीद्धारा गठित वार्ता टोलीसँग विभिन्न चरणको वार्ता तथा एकेडेमीका तर्फबाट पेश गरिएका विभिन्न कागजात र सो जग्गा सँग सम्बन्धित अन्य कागजात, नक्साहरुको अध्ययन गरी पेश गरेको प्रतिबेदन उपर छलफल गरी उक्त प्रतिबेदनमा उल्लेख भएका कार्यहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (जनशक्ति, योजना तथा विकास शाखा), सिंहदरबार काठमाण्डौंको च.नं. ५८३ मिति २०७६।०१।०८ को पत्रमा उल्लेख भई माग भए बमोजिम यस कार्यालयबाट मिति २०७६।०१।१९ च.नं. ५४४० को पत्र मार्फत कर्मचारी समायोजन २०७५ को दफा १२ (१) बमोजिम लोकसेवा आयोग मार्फत पदपूर्ति गर्ने प्रयोजनका लागि कर्मचारी माग आकृती फारम भरी पठाइएकोमा सो माग आकृती फारम अनुमोदन गर्ने निर्णय गरियो ।



केशव प्रसाद तिमल्सीना
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १८

स्वास्थ्य चौकी एकम्बा र इटहरी अस्पतालमा करार सेंवामा कार्यरत का.स. श्री ज्ञानेश्वर चौधरी र का.स. श्री उमा देवी नेपाललाई साविककै सेवा सुविधा पाउने गरी म्याद समाप्त मिति देखि नै लागु हुने गरी २०७५ माघ १ गते देखि २०७६ साल असार मसान्त सम्मका लागि करार म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

इटहरी उपमहानगरपालिका वडा नं.१ का वडाध्यक्ष श्री बिष्णुलाल चौधरी र कार्यपालिका सदस्य श्री जीरा चौधरीलाई औषधी उपचारका लागि ५०/५० हजार आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने साथै नगर कार्यपालिका पदाधिकारी तथा कार्यपालिका सदस्यहरुले १/१ वटा बैठकको भत्ता वापतको रकम कार्यपालिका सदस्य श्री जीरा चौधरीलाई सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

केशव प्रसाद घिमली
प्रमुख प्रसासकीय अधिकृत